नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी संख्याः-

## प्रेस विज्ञप्ति

विकास आयोजना तथा कार्यक्रमको प्रगति र आगामी दिनमा त्यसको प्रभावकारी कार्यान्वयन मार्फत् लक्षित उद्देश्यहरु हासिल गर्न देखिएका समस्याको समाधानका लागि नीतिगत निर्णयहरु गर्न राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठक सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा बालुवाटार, काठमाडौंमा मिति २०७७ माघ २ गते सम्पन्न भयो। बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कडेलले आ.व. २०७६/७७ को वार्षिक र आ.व. २०७७/७८ को प्रथम चौमासिक अवधिको प्रमुख आर्थिक परिसूचक, खर्च र प्रगतिको समीक्षात्मक प्रस्तुति गर्नुभयो। प्रस्तुतिमा समेटिएका अन्य विषयहरुमा कोभिड-१९ ले पारेको प्रभावको विश्लेषण, राष्ट्रिय विकास समस्या समाधान समितिको ४५, ४६ र ४७ औं बैठकका निर्णय कार्यान्वयनको स्थिति, विषयगत मन्त्रालयहरु, प्रदेश सरकारको बजेट र खर्च प्रगति, बेरुजुको अवस्था र यस अवधिमा विकास आयोजना तथा योजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरु र तिनको समाधानका सम्भावित उपायहरुको बारेमा समेटिएको थियो।

कोभिड-१९ सम्बन्धी अध्ययन प्रतिवेदनले आ.व. ०७६/७७ को तेस्रो चौमासिक अवधिमा महामारीका कारण अर्थतन्त्रमा परेको प्रभाव, यसले पुर्याएको क्षति विश्लेषण गर्दै राहत तथा पुनरुत्थान रणनीति एवम् देहायका पाँचवटा रणनीतिको बारेमा राहत तथा पुनरुत्थान लागतका लागि तय गरिएको (१) सङ्क्रमण नियन्त्रण तथा राहत (२) रोजगारी (३) आयोजनाको निरन्तरता (४) नयाँ प्रणाली विकास तथा अवलम्बन (५) आत्मनिर्भरता अभिवृद्धि समेटेको व्यहोरा प्रस्तुतिमा उल्लेख छ।

प्रस्तुति अनुसार प्रत्येक रणनीतिको कार्यान्वयनका लागि अल्पकालीन ३६.४%,, मध्यमकालीन ४३.२% र दीर्घकालीन २०.४% खण्डमा विभाजन गरी कुल रु. ६ खर्ब ६५ अर्ब स्रोतको अनुमान गरिएको देखिन्छ ।

नेपालले मानव विकास सूचकाङ्कमा उल्लेख्य प्रगति हासिल गरेको छ। मानव विकास सूचकाङ्क ०.५८७ रहेको छ। सन् १९९० देखि २०१९ सम्ममा नेपालको मानव विकास सूचकाङ्क ०.३७८ बाट ०.५८७ मा वृद्धि भएको छ। यस अनुरुप नेपाल मध्यम मानव विकासको कोटीमा पर्दछ। मानव विकासका सूचकहरु सन् १९९० मा विद्यालय शिक्षाको मध्यक वर्ष (Mean Year of Schooling) २, विद्यालय शिक्षाको अपेक्षित वर्ष (Expected year of Schooling) ७.५, अपेक्षित आयु (जन्म हुँदाको) ५४.३ वर्ष र प्रतिव्यक्ति कुल राष्ट्रिय आय ११६८ अमेरिकी डलर रहेकोमा सन् २०१९ मा क्रमशः ५.२, १२.७, ६९.७ वर्ष र २७४८ अमेरिकी डलर (क्रय शक्ति समतामा मापन गरिएको) रहेको देखिन्छ। यसका साथै

लैङ्गिक विकास सूचकाङ्क, लैङ्गिक असमानता सूचकाङ्क सन् १९९५ देखि २०१९ सम्ममा क्रमशः ०.७५० बाट ०.८८६ र ०.७०९ बाट ०.४७९ भएको छ। महिलाको प्रतिनिधित्व स्थानीय तहमा ४१ प्रतिशत, प्रदेशमा ३४ प्रतिशत, प्रतिनिधि सभामा ३२.७ प्रतिशत र राष्ट्रिय सभामा ३७.७ प्रतिशत रहेको छ।

अतिकम विकसित मुलुकबाट नेपालले स्तरोन्नति हुनका लागि संयुक्त राष्ट्रसङ्घले निर्धारण गरेको तीन वटा सूचकाङ्कमध्ये दुई वटा मानव सम्पति सूचकाङ्क र आर्थिक जोखिम सूचकाङ्क दोस्रोपटक पूरा गरिसकेको छ, भने प्रतिव्यक्ति कुल राष्ट्रिय आयमा थोरै कम रहेको छ। १२२२ अमेरिकी डलर पुग्नुपर्नेमा नेपालको हाल १०९८ अमेरिकी डलर रहेको छ। यसको तयारीका लागि हाम्रा विकास आयोजनाको कार्यान्वयन र खर्चको अनुपातलाई बढाउनुपर्ने विषयलाई विशेष प्राथमिकता दिनुपर्ने अनुगमन तथा मूल्याङ्कनको सिलसिलामा देखिएको कुरा समितिको बैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कडेलले उल्लेख गर्नुभयो।

विकास निर्माणको गति बढाउन विद्यमान ऐन कानून मूलतः सार्वजनिक खरिद ऐनलाई छाता ऐनको रुपमा पुनरावलोन गर्नुपर्ने, विभिन्न विषयगत मन्त्रालयको कार्यक्षेत्रमा रहेका कामका प्रक्रियालाई सरलीकृत गर्दै लैजानु पर्ने, प्रदेश र स्थानीय तहमा जनशक्ति व्यवस्थापनको विषयमा ध्यान दिनुपर्ने, संविधान र विस्तृत कार्यविवरण प्रतिवेदनले पहिचान गरेका क्षेत्रहरु र सम्बन्धित सरकारहरूलाई जिम्मेवार र जवाफदेही बनाउनुपर्ने, मानव विकास सूचकाङ्क र सामाजिक-आर्थिक दृष्टिकोणले पछाडि परेका क्षेत्रलाई विशेष रूपमा हेर्दै स्रोत-साधनको विनियोजनमा ध्यान दिनुपर्ने कुरामा समितिको बैठकमा सहभागीले उल्लेख गरेका थिए।

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री केपी शर्मा ओलीले बैठकलाई सम्बोधन गर्ने क्रममा सुखद् र खुशीको कुरा सहभागीहरुका बीच सुनाउँदै भन्नुभयो नेपालले कोभिड-१९ महामारी विरुद्धको खोप प्राप्त गर्ने कुरामा परराष्ट्र मन्त्रीस्तरीय बैठकमा भारतसँग सकारात्मक छलफल अगाडि बढेको जानकारी गराउँदै छिट्टै नै कोभिड-१९ विरुद्धको खोप प्राप्तिमा सहजता मिल्ने बताउनुभयो। मुलुकले समृद्धिको यात्रा प्रारम्भ गरे पनि हाम्रो पुँजीगत खर्च गर्ने क्षमता लक्ष्य अनुरुप हुनसकेको छैन। यसका नीतिगत एवम् व्यवहारिक समस्याहरुको पहिचान गरी तत्काल समाधान दिनुपर्छ र कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्छ। कोभिड-१९ महामारीका कारण प्रगति लक्ष्य अनुरुप नभएको तर अब विकासको गति बढाउन निर्देशन दिनुभयो। सबै निकाय जवाफदेही, उत्तरदायी र इमान्दार भएर देश र जनताको सेवाप्रति लाग्न उत्प्रेरित गर्नुभयो। तोकिएको समयमा निर्वाचन सम्पन्न गर्नुछ। विकासलाई तीव्रता दिनुछ। तीन तहका सरकारबीच समन्वय, सहकार्य र साझेदारी बढाउँदै लैजानुछ। महामारीबाट देशलाई उकासेर राष्ट्रिय लक्ष्य हासिल गर्नुछ। सामाजिक न्याय सहितको समृद्धिको यात्रालाई तीव्र गतिमा

अगाडि बढाउनुछ। यसका निम्ति सबै पक्षले मुलुकलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ। सन् २०२१ कोभिड निर्मूल र तीव्र आर्थिक विकासको वर्षको रुपमा अगाडि बढ्ने बताउनुभयो ।

सम्बोधनका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गर्ने विषय सम्भव छ भन्दै हरेक प्रदेशमा औद्योगिक क्षेत्र स्थापना गर्ने विषयमा जोड दिइएकोले आत्मनिर्भरता तर्फको यात्रा अगाडि बढेको उल्लेख गर्नुभयो। स्वदेशमै उत्पादन गर्नसक्ने वस्तु पनि उत्पादन गर्नसकेका छैनौं, त्यसैले सम्भव भएसम्म आयातित वस्तु प्रयोग गर्ने बानीमा परिवर्तन गर्नुपर्दछ र उत्पादनमा जोड दिनुपर्दछ भन्ने सुझाव पनि दिनुभयो। "आयात राम्रो हैन व्यापारलाई निर्यातमूलक बनाउनु पर्दछ" उहाँले जोड दिनुभयो।

त्यस क्रममा सम्माननीय प्रधानमन्त्रीले कोभिड-१९ महामारीको सामना गर्न नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, चिकित्सक, फ्रन्ट लाइनमा बसेर काम गर्ने राष्ट्रसेवकको मुक्त कण्ठले प्रशंसा गर्नुभयो। साथै जीवन उत्सर्ग गर्न पुगेका राष्ट्रसेवक र आम नागरिकप्रति श्रद्धासुमन प्रकट गर्दै परिवार तथा आफन्तजनमा समवेदना प्रकट गर्नुभयो। सङ्क्रमणको सामना गरिरहेका दाजुभाइ दिदीबहिनीको स्वास्थ्य लाभको कामना गर्नुभयो। सम्बोधनका क्रममा स्वस्थ जीवनका लागि औषधीय गुण भएका ताजा खाना खाने पूर्खाहरुबाट आएको प्रचलनका कारण हामीलाई कोभिडसँग लड्न प्रतिरोधी क्षमता भएको हुँदा पूर्खाहरुलाई धन्यवाद दिँदै आयुर्वेद उपचार पद्धति र योगका विभिन्न पक्षहरुको अवलम्बनले आरोग्यता बढाउने हुँदा त्यसतर्फ सबैको ध्यान आकृष्ट समेत गर्नुभएको थियो।

तीन तहका सरकारहरुबीचको समन्वय, सहकार्य र विकास साझेदारीलाई विशेष प्राथमिकता दिनुपर्ने विषयमा सहभागी नेपाल सरकारका उपप्रधानमन्त्री, मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री, नेपाल सरकारका मुख्यसचिव, जिल्ला समन्वय समिति महासङ्घका सभापति, नगरपालिका सङ्घका अध्यक्ष लगायतले आफ्नो धारणा राख्नुभएको थियो।

(मीनबहादुर शाही)
सदस्य एवं प्रवक्ता

२०७७ माघ ४ गते